# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः७ संख्याः १९ कार्यपालिकाबाट पारित मितिः २०८१।०६।२१

प्रमाणिकरण मितिः २०८१।०६।२३

प्रकाशन मितिः २०८१।०६।२३


## भाग-२

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा नगरपालिकाको खेलकुद विकास निर्देशिका २०८१

**प्रस्तावना:**

विकास, अनुशासन र गतिशिलताको पर्यायको रूपमा रहेको खेलकुद क्षेत्रलाई स्वास्थ, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गरी हार जीतलाई सहज रूपमा लिने परीपाटीको विकास गरी, आपसी विश्वास, सहकार्य, समन्वय एकताका माध्यमबाट सामाजिक सद्भाव कायम गर्ने उद्देश्यबाट अभिप्रेरित भई यस क्षेत्रलाई थप मर्यादित बनाउन तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को खण्ड (क) को व्यवस्था कार्यान्वयन गर्न वाञ्छनीय भएकोले, ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकारि प्रयोग गरि यो निर्देशिका जारि गरिएको छ ।

**परिच्छेद -१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस निर्देशिकाको नाम **"ठाकुरबाबा नगरपालिकाको खेलकुद विकास निर्देशिका, २०८१"** रहेको छ ।

२. यो निर्देशिका ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

ठाकुरबाबा नगरपालिकाको खेलकुद विकास निर्देशिका २०८१

(क) **"खेलकुद"** भन्नाले शारीरिक तथा मानसिक प्रयास र सीपको माध्यमबाट व्यक्तिगत वा समूहमा प्रतिद्वपर्धात्मक क्रियाकलापमा संलग्न रही नतीजामुखी उपलब्धी हासिल गर्ने क्रियाकलापमा सक्रिय रहने कार्यलाई सम्झनु पर्छ र सो शब्दले प्रचलित व्यावसायिक, पर्यटकीय, साहसिक, परम्परागत खेलहरू तथा ठाकुरबाबा नगरपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकुद समेतलाई जनाउँछ ।

(ख) **"खेलाडी"** भन्नाले खेलकूदमा संलग्न व्यक्ति सम्झनु पर्नेछ ।

(ग) **"खेलकुद विकास समिति"** भन्नाले यो निर्देशिकाको दफा ३ बमोजिम गठित ठाकुरबाबा खेलकुद विकास समितिलाई सम्झनु पर्दछ ।

(घ) **"प्रोत्साहन"** भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनु पर्दछ ।

(ङ) **"खेलकूद सम्बन्धी संस्था"** भन्नाले दफा बमोजिम दर्ता भएको खेल संघ संस्था सम्झनु पर्छ र सो शब्दले राष्ट्रिय खेल संघ वा महासंघ समेतलाई समेत जनाउँछ ।

(च) **"प्रमुख"** भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(छ) **"उपप्रमुख"** भन्नाले ठाकुरबाबा नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ज) **"नगरपालिका"** भन्नाले ठाकुरबाबा नगरपालिका सम्झनु पर्छ ।

(झ) **"कार्यपालिका"** भन्नाले ठाकुरबाबा नगरकार्यपालिका सम्झनु पर्छ ।

(ञ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

## परिच्छेद -२

## खेलकुद विकास समितिको गठन तथा काम, कर्तव्य र अधिकारः

**३. ठाकुरबाबा खेलकुद विकास समितिको गठनः** (१) खेलकूदको विकास र विस्तार गर्न नगरपालिकामा देहाय बमोजिम ठाकुरबाबा खेलकुद विकास समितिको गठन हुनेछः-

क) प्रमुखले तोकेको (खेलकुद क्षेत्रमा ख्याति प्राप्त व्यक्ति) - अध्यक्ष

ख) उपप्रमुखले तोकेको (खेलकुद क्षेत्रमा ख्याति प्राप्त व्यक्ति) - उपाध्यक्ष

ग) सामाजिक विकास समितिको संयोजकले तोकेको खेलकुद क्षेत्रमा ख्याति प्राप्त व्यक्तिबाट सबै वडाबाट एक जना पर्ने गरी कम्तीमा ३ जना महिला सहित ९ जना - सदस्य

घ) शिक्षा, युवा तथा खेलकुद शाखाको कर्मचारी - सदस्य सचिव

ठाकुरबाबा नगरपालिकाको खेलकुद विकास निर्देशिका २०८१

४. **खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकारः** (१) खेलकुद समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) खेलकूदको विकास तथा विस्तारका लागि खेलकुद तथा खेलकुद संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा गरी नगर कार्यपालिकामा स्वीकृतिका लागि पेश गर्ने,

ख) नगरपालिकाको क्षेत्रभित्र खेलकुद सम्बन्धी विविध गतिविधि तथा प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्ने,

ग) अन्य स्थानीय तहले आयोजना गरेका खेलकुद कार्यक्रममा आमन्त्रण गरिएमा ठाकुरबाबा नगरपालिका क्षेत्र भित्रका खेलाडी, टीम वा क्लबलाई सहभागी गराउने,

घ) निजी क्षेत्रलाई समेत खेलकुद तथा खेलकुद संरचनाको विकास तथा विस्तारमा सहभागी र साझेदार बनाउने,

ङ) नगरपालिकाको संयोजनमा बिभिन्न विधाका खेलाडीहरूको पहिचान र प्रोत्साहन सम्बन्धी योजना बनाई लागू गर्ने,

च) खेलकुद बिकासका लागि संघ र प्रदेश सरकारसँग सम्पर्क गर्ने तथा नगरपालिकासँगको परामर्शमा योजना तथा कार्यक्रम बनाई पेश गर्ने,

छ) नगरपालिकालाई खेलकुदको माध्यमबाट उत्कृष्टताको परिचय दिने,

ज) नगरपालिकामा दर्ता भएका खेलकुद संस्थाहरूको नियमन र समन्वयको कार्य गर्ने,

झ) रानिपुर कवर्डहल लगायतका खेलकुद पूर्वाधारहरुको रेखदेख तथा व्यवस्थापन गर्ने,

ञ) नगरपालिकाले तोकेका अन्य कार्य गर्ने ।

५. **खेलकुद विकास समितिका सदस्यहरूलाई हटाउन सकिनेः** (१) खेलकुद विकास समितिको कुनै सदस्यको काम चित्त बुझ्दो नभएमा वा खेलकुद समितिबाट सिफारिस भई आएमा नगर कार्यपालिकाले त्यस्तो सदस्यलाई कुनै पनि बखत हटाउन सक्नेछ । तर, हटाउन अघि त्यस्तो सदस्यलाई सफाईको मौकाबाट बञ्चित गरिनेछैन ।

(२) उपदफा (१) बमोजिम कुनै सदस्यको पद रिक्त भएमा उक्त पदमा अघिल्लो सदस्य जसरी मनोनित भएको त्यसरी नै नयाँ सदस्य मनोनित हुनेछ ।

६. **खेलकुद विकास समितिको कार्यकालः** खेलकुद विकास समितिको कार्यकाल २ वर्षको हुनेछ । नगर कार्यपालिकाले उचित ठानेमा अर्को एक कार्यकाल थप गर्न सक्नेछ ।

७. **प्रतिवेदन पेश गर्नेः** समितिले सम्पन्न भई सकेका खेलकुद, सम्पन्न हुन बाँकी खेलकुद तथा खेलकुद सम्बन्धी गतिविधिहरू समावेश गरिएको प्रतिवेदन नगर कार्यपालिकामा अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

ठाकुरबाबा नगरपालिकाको खेलकुद विकास निर्देशिका २०८१

८. **<u>खेलकुदको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनः</u>** (१) समग्र विधाका खेलकुदको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र विकास गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

(२) खेलकुद सम्बन्धी सम्पूर्ण काम तथा गतिविधि यस निर्देशिका बमोजिम गठित समितिले गर्नेछ ।

(३) खेलकुद संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने मूख्य जिम्मेवारी निम्न पदाधिकारीको हुनेछ :-

क) उपप्रमुख - संरक्षक

ख) नगर प्रमुखले तोकेको लव्ध प्रतिष्ठित सामाजिक व्यक्तित्व मध्येबाट १ जना सल्लाहकार

(२) नगरपालिकाले आवश्यकता अनुसार थप सल्लाहकार तोक्न सक्नेछ ।

**<u>९. नगर खेलकुद विकास कोषको व्यवस्थाः</u>**

(१) खेलकुद सम्वन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि ठाकुरबाबा नगरपालिकामा नगर खेलकुद विकास कोष हुनेछ ।

२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम हुनेछन् :-

क) नगरसभाले विनियोजन गरी प्रदान गरेको रकम,

ख) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम ,

ग) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम,

घ) नगरपालिका भित्रका टिम क्लव दर्ता आवेदन शुल्क, नविकरण शुल्क, फाराम शुल्क,

ङ) खेलकुद प्रदर्शन गरी आर्जन भएको रकम,

च) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान गरेको रकम,

छ) संघीय सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह, खेलकुद सम्बन्धी कुनै परिषद्, समिति, राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

ज) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

३) उपदफा (२) को खण्ड (छ) बमोजिम अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम नेपाल सरकारको अनुमति प्राप्त भएमा मात्र कोषमा दाखिला गरिनेछ ।

४) कोषको रकम क वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

५) यस कोषको संचालन नगर खेलकुद विकास समिति वा नगर कार्यपालिकाको निणर्य अनुसार हुनेछ ।

**<u>१०) लेखा र लेखा परीक्षणः</u>** (१) कोषको आय व्ययको लेखा परीक्षण नगरपालिकाको आ.ले.प. शाखाबाट हुनेछ ।

ठाकुरबाबा नगरपालिकाको खेलकुद विकास निर्देशिका २०८१

(२) नगर कार्यपालिकाले चाहेमा कोषको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरू नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

(३) कोषको लेखा प्रचलित कानूनले तोके बमोजिमको ढाँचामा रीतपूर्वक राख्नु पर्नेछ ।

## परिच्छेद -३

## आचार संहिता

**११. आचार संहिताः** (१) खेलकुद सम्बन्धी विषयका खेलाडी, प्रशिक्षक, खेलकुद संघ संस्था, समिति संयोजक तथा सदस्य, कर्मचारी नगर कार्यपालिका र सभा सदस्यहरूले देहाय बमोजिमका आचार संहिताको पालना गर्नु पर्नेछः-

क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनका समयमा कुनै पनि प्रतिबन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाईने छैन ।

ख) खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइने छैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ ।

ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ । तर उक्त खेलमा नगरपालिकाले सिफारिस गरेको टिमलाई पनि सहभागी गराउन सकिनेछ ।

घ) प्रशिक्षण कक्षा संचालन गर्न दर्ता नभएका टिमलाई पनि सामेल गराउन सकिनेछ ।

ङ) नैतिक पतन देखिने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिममा सहभागी गराउन पाइने छैन ।

च) खेलको विजय पश्चात पाउने सील्ड, ट्रफी कहीं कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर, कुन दर्तावाला क्लब विघठन हुन गई उक्त क्लबले प्राप्त गरेका सील्ड, ट्रफी नगरपालिकाको स्वीकृतिमा अर्को दर्तावाल क्लबलाई उपहार दिन भने बधा पर्नेछैन ।

छ) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएका उपहार व्यक्तिका अधिनमा राख्न पाइने छैन । तर, संरक्षण गर्न बाधा पर्नेछैन ।

ज) खेलका निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरूलाई राख्न पाइनेछैन ।

झ) खेलाडीहरूले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टीमको पक्ष लिई ताली, हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछ । तर विपक्षी टीमको व्यक्तिहरू वा टीमलाई इंगित गरी कार्टुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

ञ) खेलको प्रतिस्पर्धाका निम्ति नगरपालिकाको स्वीकृति र इजाजत बिना आफ्नो टिमको नाममा जबर्जस्ती चन्दा उठाउन पाइने छैन ।

ट) नगरपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित संस्थाको कार्यकारिणी समितिबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

ठ) यस अघि नै अन्यत्र दर्ता भएका वा नगरपालिकामा सचीकृत भएका संस्थाहरूले नगरपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेलकुद सञ्चालन गर्न पाउनेछन् ।

ड) नगरपालिका अन्तर्गत संचालन हुने खेलहरूमा नगरपालिकामा स्थायी बसोबास गर्ने खेलाडीहरूले प्रतिस्पर्धा गर्न पाउनेछन् तर अन्यत्रबाट बसाईसराई गरी आउनेहरूको हकमा कम्तीमा ६ महिना अगावै बसाईसराई गरी आईसकेको हुनुपर्नेछ ।

ढ) सम्बन्धित खेलकुदका लागि सम्बन्धित खेलकुदको राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकुद संघ वा महासंघले निर्धारण गरेको वा जारी गरेको खेलकुद आचार संहिता, नियम, मापदण्ड वा यस्तै प्रकारको कुनै विषय समेत पालना गर्नु पर्नेछ ।

**१२. <u>सौजन्यताः</u>** दर्तावाला संस्थाहरूलाई प्रचलित कानून बमोजिम योग्य वा कालोसूचीमा नपरेको कसैको सौजन्यमा कुनै खेलकुद संचालन गर्न पाइनेछ र उक्त खेल सञ्चालन गर्न नगरपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ । तर नगरपालिकाले स्वीकृति नदिएका खण्डमा भने व्यक्ति वा संस्थाको सौजन्यतावाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल संचालन गर्न बाधा पर्ने छैन ।

## परिच्छेद -४

## दर्ता, नवीकरण र विघटन

**१३. <u>दर्ता र स्वीकृतिः</u>** (१) नगरपालिका भित्र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न कुनै पनि संघ संस्था वा क्लब नगरपालिकामा दर्ता वा सूचीकृत हुनु पर्नेछ । तर, त्यस्तो संस्था गठन वा दर्ता गर्दा गठन वा दर्ता हुने संस्थाले सम्बन्धित खेलको राष्ट्रिय खेल संघ वा महासंघ भएमा सो संघ वा महासंघको अनुमति लिएको प्रमाण पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्था दर्ता वा सूचीकृत गर्दा फाराम शुल्क रू.२०/- (बीस), दर्ता वा सूचीकृत शुल्क रू. ५००/- (पाँचसय) र वार्षिक नवीकरण शुल्क रू. ५००/- (पाँचसय) बुझाउनु पर्नेछ । दर्ता वा सूचीकृत नभएका संस्था वा क्लबलाई खेल संचालन गर्न नगरपालिकाले स्वीकृति दिने छैन ।

(३) संस्था दर्ता र विधान स्वीकृतिको लागि अनुसूची-१ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

(४) संस्था दर्ता र विधान स्वीकृतिको लागि निबेदन पर्न आएमा नगरपालिकाले उक्त निवेदन र पेश भएका प्रमाणहरूको १५ (पन्ध्र) दिनभित्र आवश्यक जाँचबुझ गरेर विधान स्वीकृत गरी संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा प्रमाण-पत्र दिनु पर्नेछ । सोही प्रमाण-पत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी नवीकरण गर्नु पर्नेछ ।

(५) पहिले अन्यत्र दर्ता भई सकेका संस्था वा क्लबले नगरपालिकामा सूचीकृतका लागि अनुसूची-३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ ।

ठाकुरबाबा नगरपालिकाको खेलकुद विकास निर्देशिका २०८१

(६) उपदफा (५) बमोजिमको निवेदन र पेश भएका प्रमाणहरूको आवश्यक जाँचबुझ गरी १५ (पन्ध्र) दिनभित्र सूचीकृत भएका संस्थाहरूलाई अनुसुची-४ बमोजिमको प्रमाण-पत्र दिईनेछ । सोही प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएका विवरण उल्लेख गरी नवीकरण गरिदिनु पर्नेछ ।

(७) दर्ता वा सचीकृत भएका संस्थाले नवीकरण गर्न दिईने निवेदन अनुसची -५ बमोजिमको ढाँचामा हुनु पर्नेछ ।

(८) प्रत्येक वर्षको अषाढ मसान्तभित्र सबै दर्तावाल वा सचीकृत संस्थाहरूले नगरपालिकामा अनिवार्य नवीकरण गराउनु पर्नेछ ।

(९) संस्था दर्ता वा सूचीकृत प्रमाणपत्रमा प्रमुख प्रशासकीय अधिकृतले हस्ताक्षर गर्नु पर्नेछ । तर, उक्त अधिकार नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई प्रत्यायोजन गर्न सकिनेछ ।

(१०) उपदफा (१) बमोजिम दर्ता वा सूचीकृत हुने वा भएको संस्थाले आफ्नो विधानमा कुनै हेरफेर गर्नु परेमा त्यसरी विधानमा हेरफेर गर्नु परेको कारण सहितको सूचना १५ (पन्ध्र) दिनभित्र नगरपालिकालाई दिनु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नु पर्ने कारण नगरपालिकाले जाँचबुझबाट मनासिब देखेमा त्यस्तो हेरफेरको व्यहोरा विधानमा अद्यावधिक गरी राख्न दिनेछ र अद्यावधिक भएको विधानको एक प्रति संस्थाले नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(१२) उपदफा (१) बमोजिम दर्ता वा सूचीकृत हुने संस्थाको सम्पूर्ण अभिलेख र पेश भएका कागजातहरूको सुरक्षित तवरले संरक्षण गर्ने जिम्मेवारी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको हुनेछ।

(१३) उपदफा (१) बमोजिम दर्ता वा सूचीकृत हुने संस्थालाई ठाकुरबाबा खेलकुद विकास समितिले समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु उक्त संस्थाको कर्तव्य हुनेछ ।

(१४) उपदफा (१३) बमोजिम समितिले दिएको निर्देशन पालना नगर्ने वा पारदर्शिता कायम राख्न दफा (१४) बमोजिम आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने र वर्षमा कम्तीमा एउटा खेलकुद सम्बन्धी क्रियाकलाप संचालन नगर्ने संस्थाको नाम नगरपालिकाले दर्ता वा सूचीकृत अभिलेखबाट कट्टा गर्न सक्नेछ र सोको सूचना सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

**१४. <u>संस्थाले हिसाबको श्रेस्ता राख्नु पर्नेः</u>** (१) दफा (१३) को उपदफा (१) बमोजिम दर्ता वा सूचीकृत भएको खेलकुद सम्बन्धी संस्थाले आफ्नो आय व्ययको हिसाबको श्रेस्ता प्रचलित कानूनले तोकेको ढाँचामा राख्नु पर्नेछ र नियमित लेखापरीक्षण गराउनु पर्नेछ । त्यस्तो लेखापरीक्षणको प्रतिवेदनको एक प्रति वा प्रतिलिपि प्रत्येक असोज महिनाभित्र नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखेको श्रेस्ताको जाँचबुझ नगरपालिकाले जुनसुकै बखत गर्न गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन

ठाकुरबाबा नगरपालिकाको खेलकुद विकास निर्देशिका २०८१

र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारबाही चलाउनु पर्नेछ ।

**१५. जरिवानाः** (१) दफा (१३) बमोजिम दर्ता भएको खेलकुद सम्बन्धी संस्थाले नवीकरण नगराएमा देहाय बमोजिम जरिवाना गरिनेछः-

(क) एक वर्षसम्म नवीकरण नगरेमा -पाँचसय रूपैयाँ,

(ख) दुई वर्षसम्म नवीकरण नगरेमा -एकहजार रूपैयाँ,

(ग) तीन वर्षसम्म नवीकरण नगरेमा -तीनहजार रूपैयाँ, र

(घ) पाँच वर्षसम्म नवीकरण नगरेमा -पाँचहजार रूपैयाँ ।

(२) पाँच वर्षभन्दा बढी समयसम्म नवीकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ । यसरी समयमा नवीकरण नगरी दर्ताको सूचीबाट हटाइएको संस्थामा संलग्न व्यक्तिको अर्को संस्था दर्ता गरिने छैन ।

(३) समयमा नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउन पर्नेछ । तर संस्थाको कुनै व्यक्तिका कारणले संस्था नवीकरण गर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असूल उपर गर्न सक्नेछ ।

**१६. संस्थाको विघटनः** (१) दर्ता भएको खेलकुद संस्था देहायको अवस्थामा विघटन हुन सक्नेछः-

(क) संस्थाको दुईतिहाई बहुमतले संस्था विघटन गर्न भनी निणर्य गरेमा,

(ख) लगातार पाँच वर्षसम्म संस्था नविकरण नगरेमा,

(ग) संस्थाका पदाधिकारी निष्कृय भएमा वा बेपत्ता भएमा,

(घ) प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत विक्षत भएमा ।

**१७. विघटित संस्थाका सम्पत्तिः** विघटन भएको संस्थाको सम्पत्ति प्रचलित कानून बमोजिम नगरपालिकाको मातहतमा रहनेछ ।

## परिच्छेद-५

## विविध

**१८. खेलकुद संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकासः** (१) खेलकुद संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास सम्बन्धित खेलकुद संरचनाको लागि प्रचलित कानूनले तोकेको मापदण्डभित्र रही गर्नु पर्नेछ ।

(२) खेलकुद पूर्वाधारको विकास र व्यवस्थापन गर्दा नगरपालिका, संघ र प्रदेशले आपसमा सहकार्य र समन्वय गर्नुपर्नेछ ।

**१९. खेलकुद प्रतियोगिता आयोजना र सहभागिताः** (१) नगरपालिकाभित्र नगरपालिका आफैले वा संघ वा प्रदेश सरकारले वा कुनै अन्तर्राष्ट्रिय वा राष्ट्रिय वा स्थानीय संस्थाले कुनै पनि खेलकुद प्रतियोगिताको आयोजना गरी सञ्चालन गर्न सक्नेछ ।

(२) उक्त खेलकुद प्रतियोगिता आयोजना तथा सञ्चालन गर्दा सम्बन्धित खेलकुदका लागि सम्बन्धित खेलकुदको राष्ट्रिय वा अन्तर्राष्ट्रिय समिति वा संघ वा महासंघले जारी गरेको आचार संहिता, मापदण्ड वा यस्तै प्रकारको कुनै व्यवस्थाको पालना गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आचार संहिता, मापदण्ड वा यस्तै प्रकारको कुनै व्यवस्थाको पालना गर्नु र सोको आदर गर्नु सबैको कर्तव्य हुनेछ ।

(४) खेलकुद प्रतियोगिता सञ्चालनमा संघ, प्रदेश र नगरपालिकाले आपसमा सहकार्य र समन्वय गर्नु पर्नेछ।

**२०. खारेजी र बचाउः** (१) यस निर्देशिकाका व्यवस्थाहरू संघीय तथा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

(२) यो निर्देशिका लागू हुनुभन्दा अघि भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

ठाकुरबाबा नगरपालिकाको खेलकुद विकास निर्देशिका २०८१

(अनुसूची- १)

( दफा १३ को उपदफा २ सँग सम्बन्धित)

मितिः

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,**
**सैनवार, बर्दिया ।**

**विषयः** संस्था दर्ता सम्बन्धमा ।

महोदय,

म/हामीले तपसीलमा उल्लेखित विवरण अनुसारको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरूको भेलाबाट गठित तर्दथ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यस निवेदन साथ संलग्न राखी विधान स्वीकृति र संस्था दर्ताका लागि आवेदन गरेका छु/छौं । नियमानुसार संस्था दर्ता गरीदिन हुन अनुरोध गरिन्छ ।

१. संस्थाका कार्यालय रहने स्थानः

ठाकुरबाबा नगरपालिका, वाड नं..........., टोलको नाम...................

२. खेलकुदको किसिमः

| **सचिवः** | **अध्यक्षः** |
|---|---|
| नामः | नामः |
| मितिः | मितिः |

**निवेदन साथ पेश भएका कागजातहरू:**

क) संस्थाको विधानको मस्यौदा एक प्रति,

ख) आवेदक र समितिका पदाधिकारीहरूको नाम, ठेगाना, पेशाको विवरण सहित नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपिहरू,

ग) संस्थाको छापको नमूना ।

ठाकुरबाबा नगरपालिकाको खेलकुद विकास निर्देशिका २०८१

अनुसूची-२

(दफा १३ को उपदफा ३ सँग सम्बन्धित)

(अग्रभाग)

**ठाकुरबाबा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय,**

**सैनवार, बर्दिया**

**खेलकुद संस्था दर्ता प्रमाणपत्र**

**दर्ता नं. ......................**

**दर्ता मितिः ..................**

**खेलकुदको किसिमः ....................**

**खेलकुद संस्थाको नाम.................................... ठेगानाः...........................................**

**संस्था दर्ता हुदाको बखत रहनु भएका समितिका पदाधिकारी र सदस्य संख्याः ............**

**दर्ता हुँदाको बखत रहनु भएका अध्यक्षको नामः**

माथि उल्लेखित विवरण भएको खेलकुद संस्थाको विधान स्वीकृत गरी खेलकुद संस्था दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ । ठाकुरबाबा नगरपालिकाको खेलकुद विकास निर्देशिका, २०८१, संस्थाको विधान र प्रचलित कानूनको अधीनमा रही खेलकुद सम्बन्धी गतिविधिहरू संचालन गर्न यो प्रमाण-पत्र दिईएको छ।

संस्था दर्ता भएकोमा हार्दिक बधाई तथा उज्जवल भविष्यको मङ्गलमय शुभकामना छ ।

...................................

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिका खेलकुद विकास निर्देशिका २०८१

(पृष्ठभाग)

## संस्था नवीकरणको विवरण

| नविकरण गर्ने अधिकारीको नाम | नविकरण गरेको मिति | नविकरण बहाल रहेको अवधि | नविकरण गर्ने अधिकारीको हस्ताक्षर/छाँप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

ठाकुरबाबा नगरपालिकाको खेलकुद विकास निर्देशिका २०८१

अनुसुची-३

(दफा १३ का उपदफा ४ सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
ठाकुरबाबा नगरपालिका, गाउँकार्यपालिकाको कार्यालय,
सैनवार, बर्दिया ।

**विषयः** संस्था सुचिकृत गरिदिनु हुन ।

महोदय,

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गरेका छौं । नगरपालिकाको नियमानुसार संस्था सूचीकृत गर्नु पर्ने भएकोले नियम अनुसार सूचीकृत गरिदिनहुन अनुरोध गर्दछौं ।

**संलग्न कागजातहरुः**

क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि एक थान,
ख) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि एक प्रति,
ग) अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि एक थान,
घ) संस्थाको कार्यकारिणी समितिको निर्णयको प्रतिलिपि,
ङ) संस्थाको विधानको प्रतिलिपि एक थान ।

**सचिव**

**अध्यक्ष**

ठाकुरबाबा नगरपालिकाको संस्था विकास निर्देशिका २०८१

अनुसुची-४

(दफा १३ का उपदफा ५ सँग सम्बन्धित)

(अग्रभाग)

**ठाकुरबाबा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**सैनवार, बर्दिया**

**खेलकुद संस्था सूचीकृत प्रमाण पत्र**

**संस्था सूचीकृत नं. ......................**

**सूचीकृत मितिः ..................**

**खेलकुदको किसिमः ....................**

**संस्थाको नामः........................................ ठेगानाः...................................... सूचीकृत हुँदाका बखत रहनु भएका समितिका पदाधिकारी र सदस्य संख्याः**

**सूचीकृत हुँदाका बखत रहन भएका अध्यक्षको नामः**

माथि उल्लेखित विवरण भएको संस्था सचीकृत गरी प्रमाण पत्र प्रदान गरिएका छ । ठाकुरबाबा नगरपालिकाको खेलकुद विकास निर्देशिका, २०८१, संस्थाको विधान र प्रचलित कानूनको अधीनमा रही खेलकुद सम्बन्धी गतिविधिहरू संचालन गर्न यो संस्था सूचीकृत प्रमाण-पत्र दिईएको छ ।

.....................................

**प्रमुख प्रशासकीय अधिकृत**

ठाकुरबाबा नगरपालिकाको खेलकुद विकास निर्देशिका २०८१

(पृष्ठभाग)

## संस्था नवीकरणको विवरण

| नविकरण गर्ने अधिकारीको नाम | नविकरण गरेको मिति | नविकरण बहाल रहेको अवधि | नविकरण गर्ने अधिकारीको हस्ताक्षर/छाँप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

ठाकुरबाबा नगरपालिकाको खेलकुद विकास निर्देशिका २०८१

अनुसुची-५

(दफा १३ का उपदफा ६ सँग सम्बन्धित)

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,**
**सैनवार, बर्दिया ।**

**विषयः** संस्था नवीकरण गरी पाउँ ।

........................................................ नामको खेलकुद संस्था यस नगरपालिकामा दर्ता/सुचीकृत भई खेलकुद सम्बन्धी गतीविधीहरू संचालन गरी रहेका हुँदा तपशिल बमोजिमका कागज पत्र संलग्न राखी नवीकरण गरी पाउँ भनी निवेदन गरेको छु/छौ । अतः आर्थिक बर्ष................को संस्था नवीकरण गरिदिनुहुन अनुरोध छ ।

**निबेदक**

**निवेदन साथ पेश गरेका कागजातहरुः**

क) आर्थिक वर्ष .................. को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि एक थान,
ख) सस्थाको वार्षिक गतिविधिको प्रगति विवरण एक थान,
ग) भावी योजना र बजेटको विवरण एक थान,
घ) दर्ता/सूचीकृत प्रमाण-पत्रको प्रतिलिपि एक थान ।

**आज्ञाले**
नारायण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाको खेलकुद विकास निर्देशिका २०८१